नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

**महाकवि देवकोटा पुरस्कार सम्बन्धी सूचना**

चालु आ.व. २०७३/७४ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम देहायका विधामा एक-एक लाख रुपैयाको **"महाकवि देवकोटा पुरस्कार"** समर्पण गरिने हुँदा महाकवि देवकोटा पुरस्कारको लागि देहायका पाँच क्षेत्रका व्यक्ति तथा संस्थाहरूले निम्न प्रक्रिया बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र स्रष्टाको विशेष क्षेत्र किटान गरी यस मन्त्रालयको संस्कृति महाशाखामा विवरणपत्र वा सिफारिस पेश गर्नु हुन अनुरोध छ। मापदण्ड तथा कार्यबिधि यस मन्त्रालयको Website www.tourism.gov.np मा राखिएको छ। पुरस्कार सम्बन्धी विस्तृत जानकारी यस मन्त्रालयको फोन नं.०१-४२११९०९ बाट प्राप्त गर्न सकिने छ।

**१. पुरस्कार विषय क्षेत्र**

**क) कविता :** स्फुट कविता र प्रवन्ध, काव्यका साथै लामो कविता, गीतिकविता, गीत, गजल आदि छन्दोवद्ध र छन्दमुक्त पद्य रचना।

**ख) निवन्ध :** ललित भावात्मक निवन्ध, प्राज्ञिक विश्लेषणात्मक तथा अनुसन्धानमुलक समालोचना, वस्तुगत र तार्किक लेख, नियात्रा, संस्मरण, आत्मकथा, अन्तवार्ता निवार्ता, आत्मलाप, वार्तालाप आदि।

**ग) गद्याख्यान /नाटक :** कथा, उपन्यास लघुनाटक र नाटक।

**घ) बालसाहित्य /लोकसाहित्य :** बालबालिकाहरुका निम्ति उपयोगी कविता, नाटक, आख्यान, निवन्ध, जीवनी, आत्मकथा, नियात्रा, संस्मरणका साथै तिनका बारेमा गरिएको अध्ययन अनुसन्धान। लोकसाहित्यिक सामग्रीको संकलन, संम्पादन, गायन, वाचनका साथै तिनको अनुसन्धान आदि।

**ङ) भाषा साहित्य सेवा :** नेपाली लगायत नेपालमा रहेका भाषाहरु र तिनका साहित्यको संरक्षण तथा सम्वर्द्धनका निम्ति सेवारत व्यक्ति संस्थाद्धारा गरिएका सिर्जनात्मक एवं बौद्धिक, प्राज्ञिक, अनुसन्धानमूलक कार्य र अनुवाद तथा साहित्यिक पत्रकारिता आदि।

**२. आवेदन दिंदा वा सिफारिस गर्दा संलग्न राख्नु पर्ने विवरण तथा कागजातहरू:**

क) सर्जकको विवरणः नाम सम्पर्क ठेगाना, फ्याक्स, मोबाइल नम्बर योगदान सहितको बायोडाटा

ख) प्रकाशित उत्कृष्ट कृतिहरूको विवरण (सम्भव भए कृतिहरू सहित)

(घ) पासपोर्ट साईजको फोटो १ प्रति

द्रष्टव्यः पुरस्कारका लागि प्राप्त हुने सिफारिश वा आवेदन चयन समितिको जानकारीको प्रयोजनको लागि सिमित रहने छ।